दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १४८ | बुटवल | २०८२ जेठ ११, गते आइतबार | नेपाल संवत १९४५ | Sunday May.25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## गृहमन्त्रीको राजीनामा माग



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गृहमन्त्री रमेश लेखकको राजीनामा माग गरेको छ ।

शनिबार भर्चुअल रुपमा बसेको पार्टीको केन्द्रीय समितिको आकस्मिक बैठकले भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकले पदबाट राजीनामा दिएर निष्पक्ष अनुसन्धानलाई सघाउन माग गरेको कार्यबाहक प्रवक्ता मनीष झाले जानकारी गराएका छन् ।

'विगतमा सदनमा प्रश्न उठेपछि राजीनामा दिएर छानबिनमा सघाउनु पर्छ भनेर विभिन्न दृष्टान्त सम्झाउनु हुने हालका गृहमन्त्री लेखकलाई त्यो कुरा स्मरण गराउँदै यथाशीघ्र गृहमन्त्रीको पदबाट राजीनामा दिएर निष्पक्ष अनुसन्धानलाई सघाउन माग गर्दछौं ।'- पार्टी प्रवक्ता मनिष झाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

गृहमन्त्री र उनका सचिवालय नै 'भिजिट भिसा' मार्फत् मानव तस्करीमा संलग्न रहेको कुरा सार्वजनिक भएकोमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

यता, गृह मन्त्रालयले भने शनिबार नै एक विज्ञप्ति जारी गर्दै उक्त प्रकरणमा मन्त्री लेखकको कुनै संलग्नता नभएको दाबी गरेको छ । त्यस्तै, अख्तियारबाट हुने सबै प्रकारका छानबिनमा सहयोग गर्ने गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसैगरी नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले गृहमन्त्री रमेश लेखकलाई नैतिकताका आधारमा राजीनामा दिन आग्रह गरेका छन् ।

शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै कोइरालाले अध्यागमन विभागमा भएको भ्रष्टाचारका विषयमा कुरा उठिसकेपछि राजीनामा दिएर छानबिनका लागि मार्गप्रशस्त गर्न गृहमन्त्री लेखकलाई सुझाव दिएका हुन् ।

» बाँकी ३ पेजमा

## नियोजित र झुटा प्रचारबाजी भयो : गृहमन्त्री

बुटवल । गृहमन्त्री रमेश लेखकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयसँग जोडिएको घटनामा आफूविरुद्ध नियोजित र षड्यन्त्रपूर्वक झुटा प्रचारबाजी भइरहेको दाबी गरेका छन् ।

'मेरा विरुद्धमा नियोजित र षड्यन्त्रपूर्वक ढंगबाट झुटा प्रचारबाजी भइरहेको छ । म सबैलाई के आग्रह गर्न चाहन्छु भने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनको भिजिट भिसाको विषयमात्रै होइन,' शनिबार साँझ काठमाडौंमा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै मन्त्री लेखकले भने-'मेरो सार्वजनिक जीवनमा, राजनीतिक जीवनमा यदी एउटामात्रै पनि आर्थिक अनियमितता प्रमाणित भयो भने म पदबाट होइन, राजनीतिबाट राजीनामा दिन्छु ।'

उनले यसबारे थप प्रष्ट पार्नका लागि आगामी १३ गते प्रतिनिधिसभामा समय लिइसकेको र थप त्यही बेलामा बताउने पनि जानकारी गराए ।

» बाँकी ३ पेजमा

## लुम्बिनीको नीति तथा कार्यक्रम पारित



बुटवल । प्रदेश सरकारको आर्थिक वर्ष २०८२-०८३ को नीति तथा कार्यक्रम प्रदेशसभाको बहुमतले पारित गरेको छ ।

जेठ ५ गते प्रदेशसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई छैठौं अधिवेशनको शनिबार बसेको आठौं बैठकले पारित गरेको हो । बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । त्यसपछि सभामुख तुलाराम घर्तीमगरले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरेका थिए । ध्वनि मतको आधारमा नीति तथा कार्यक्रम बहुमतले पारित भएको सभामुख घर्तीले घोषणा गरे ।

दुई दिनदेखि प्रदेशसभामा नीति तथा कार्यक्रममाथि छलफल भएको थियो । प्रदेश सरकारले कृषि, उद्योग, पर्यटन, पूर्वाधार विकासलगायतका क्षेत्रलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो । शनिबारको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन व्यवस्था मिलाइने बताए । उनले यसपटकको नीति तथा कार्यक्रम वास्तविक धरातलमा आधारित, कार्यान्वयनयोग्य रहेको र विगतका योजनाहरूको विश्लेषण, साधन स्रोतको सीमा, अन्तरसम्बन्ध तथा तीन तहका सरकारबीचको समन्वय र साझेदारीको संवैधानिक दायरा मनन गरेर तयार पारिएको जानकारी दिए ।

दुई दिनसम्म चलेको छलफलमा ४० जना प्रदेशसभा सदस्यले सुझावसहित धारणा व्यक्त गरेका थिए ।

### जगदिशपुर तालमा मोटरबोटको चर्को ध्वनी प्रदूषण :

# जैविक विविधता र चराको बासस्थानमा प्रतिकूल असर



**टिआर शर्मा**
*बुटवल*

विश्व सीमसार क्षेत्रमा सूचीकृत एवं पन्छी आरक्ष जगदीशपुर तालमा मोटरबोट सञ्चालन हुँदा चराहरुको जीवन चक्र र जैविक विविधतालाई प्रतिकूल असर गरेकोभन्दै चराविज्ञ र वातावरणविद्हरुले चिन्ता व्यक्त गरेका छन् ।

सिँचाइ प्रयोजनका लागि तत्कालीन राजा महेन्द्र शाहको पालामा निर्माण गरिएको जगदिशपुर ताल मानव निर्मित नेपालको सबैभन्दा ठूलो ताल हो ।

यो ताल १५७ हेक्टरमा फैलिएको छ । ताल क्षेत्रमा डेढ सय बढी प्रजातिका चरासहित उभयचर, सरीसृप रस्तनधारी जनावरको बासस्थान, चरण क्षेत्र र प्रजनन् हुने गर्छ । तालमाथि १० जना मान्छे राखेर तीब्र गतिमा चर्को आवाज र छाल निकाल्दै चल्ने मोटरबोटले चराको बासस्थान बिथोलिनुका साथै अन्य जीवजन्तुलाई समेत प्रतिकूल असर गर्ने भन्दै विज्ञहरुले मोटरबोट सञ्चालन तत्काल रोक्नुपर्ने माग गरेका छन् ।

तालभरि तीव्र गतिमा घुमाई-घुमाई मोटरबोट चलाउँदा पर्यटकहरु रोमाञ्चित भई होहल्ला गर्दा चरालाई असर गरिरहेको छ । तालमा गत बैशाख ५ गतेबाट तालमा मोटरबोट सञ्चालन भएको छ ।

बैशाखदेखि आगामी चैतसम्मका लागि ८ लाख ५५ हजार रुपैयाँमा ठेक्का दिइएको छ । विज्ञहरुले विश्व सीमसार क्षेत्रमा सूचीकृत एवं पन्छी आरक्ष तालमा मोटरबोट सञ्चालन गर्नु गलत र गैरकानूनी भनेका छन् । जगदीशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्च नामक गैरसरकारी संस्थाले ठेक्का लगाएर मोटरबोट चलाइरहेकोछ ।

आइयूसीएन नेपालले गरेको एक अध्ययन अनुसार ताल क्षेत्रमा १ सय ६७ प्रजातिका चरा पाइन्छन् । त्यसमध्ये ९२ प्रजातिका रैथाने, ९ प्रजातिका गर्मी याममा आउने, ६४ प्रजातिका चरा जाडो याममा आउने र ३ प्रजातिका चरा आंशिक प्रवासी रहेको अध्ययनले देखाएको छ । यस्तै ४३ प्रजातिका माछा, १० प्रजातिका उभयचर, ४२ प्रजातिका सरीसृप र ३२ प्रजातिका स्तनधारी जनावर पाइने उल्लेख छ । विश्वमै दुर्लभ जन्तु पानीबिरालो र ८ प्रजातिका चरा पनि तालमा पाइन्छन् ।

लुम्बिनी प्रदेश वन ऐन-२०७८ को परिच्छेद् ११ को दफा ४५ मा प्रदेश सरकारले रैथाने तथा आगन्तुक पंक्षी र संकटापन्न वन्यजन्तुको वासस्थान संरक्षण तथा वन्यजन्तु आवतजावत गर्ने प्रदेशभित्रको कुनै क्षेत्रलाई चरा आरक्ष वा जैविक मार्ग घोषणा गर्न सकिने व्यवस्थाअनुसार तीन वर्षअघि चरा आरक्ष घोषणा गरेको थियो ।

मुलुकको दोस्रो पन्छी आरक्ष तालमा चालकसहित १० सिटे मोटरबोट एक महिना बढी समयदेखि सञ्चालन हुँदा चराको बासस्थान बिथोलिएको छ भने जलचर, स्तानधारी र सरिसृप जीवजन्तुलाई पनि प्रतिकूल असर पारेको चराविज्ञ कृष्ण भुसालले बताए ।

'अन्तर्राष्ट्रिय महत्वको विश्व सिमसार घोषित तालमा मान्छे र मोटरको चर्को ध्वनी प्रदूषण हुने गरी कुनै पनि तालमाथि मेशिन चलाउनु एकदमै गलत हो, यसले निर्भय तरिकाले बसिराखेका चरा र जीवजन्तुमा भय र त्रास हुन्छ उनीहरु सहजरुपमा बस्ने वातावरण बिग्रन्छ,' भुसालले भने-'यस्तो कार्यलाई नरोक्ने हो भने जैविक विविधता र जलीय पर्यावरणमा नकारात्मक असर पर्छ, दीर्घकालीन चुनौति थपिन्छ ।'

प्रदेश सरकारले समेत पंक्षी आरक्ष घोषणा गरेकाले पंक्षीलाई असर गर्ने गतिविधि रोक्न प्रदेश सरकारको ध्यान जानुपर्ने भुसालले औंल्याए ।

वन तथा वातावरण क्षेत्रमा क्रियाशील स्थानीय जयप्रकाश पाण्डेले मोटरबोट सञ्चालन गर्न नपाउने प्रावधान हुँदाहुँदै जबर्जस्ती ठेक्का लगाइनु गलत भएको बताए । 'दुई वर्षअघि पनि तालमा मोटरबोट चलाउन ठेक्का लगाइएको थियो, तर विज्ञहरुले गलत भयो भनेपछि साता-दश दिनमै डिभिजन वन कार्यालय कपिलवस्तुले रोक लगाएको थियो,' पाण्डेले भने-'तर यसपटक एक महिना बढी समय हुँदा पनि नरोकिंदा चरा र अन्य जीवजन्तुसँगै जैविक विविधता र पर्या पर्यटनमा असर पुगेको छ ।'

नियामक निकाय डिभिजन वन कार्यालयका वन अधिकृत ईश्वरीप्रसाद पौडेलले मोटरबोट सञ्चालनपछि प्रश्न उठेपछि बन्द गर्न निर्देशन दिइएको बताए । 'बन्द गर्न निर्देशन दिइएको छ, एउटा प्राविधिक समिति बनाएर अध्ययन गरी त्यसको प्रतिवेदनका आधारमा अर्को निर्णय गर्छौं ।'-पौडेलले भने

जगदीशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्चका अध्यक्ष ललित गुरुङले भने मोटरबोट सञ्चालन नरोकिएको बताए । 'चराको बासस्थान बिगाऱ्यो भनेर मोटरबोट सञ्चालन रोक्न दबाब आएपछि बिदाका दिनहरुमा मात्रै चलाउने गरेका छौं, शनिबार मात्रै दुई हजार जना जति पर्यटक आएका थिए,' गुरुङले भने-'गर्मी मौसममा चरा हुँदैनन्, जाडो मौसममा मात्रै हो, तर यहाँ पर्यटक भित्राएर तालको विकास गरौं भन्दा अनेक खालका विरोध आउँछन् ।'

जिल्ला वन कार्यालयले बनाएको ५ वर्षे कार्ययोजनामा तालमा चरा र जैविक विविधतालाई असर नगर्ने गरी ५ वटा पेडल डुंगा चलाउन पाउने उल्लेख छ ।

» बाँकी ३ पेजमा

## नदीजन्य उत्खनन् बढेपछि प्रहरी सक्रिय



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्थानीय सरकारलाई नदीजन्य पदार्थको उपयोग र संरक्षणको अधिकार कानुनले दिएको छ । मुलुक संघीय संरचनामा गएदेखि नदीजन्य पदार्थको सबैभन्दा बढी उत्खनन् स्थानीय सरकारले गरेका छन् । खोलानाला र नदीले बगाएर ल्याएको सामग्रीलाई प्रयोग गर्ने अधिकार स्थानीय सरकारलाई भए पनि जथाभावी रुपमा खोलानदीमा डोजर प्रयोग गर्दा स्याङ्जाका अधिकांश खोलानाला संकटमा परेका छन् ।

संरक्षण र उपयोगको अधिकार पाएका स्याङ्जाका ११ ओटा पालिकाले खोलानाला संरक्षणभन्दा पनि राजस्व संकलनको नाममा जथाभावी उत्खनन् गरेको पाइएको छ । स्थानीय सरकारले जथाभावी डोजर प्रयोग गरेर खोलानदी उत्खनन् गरेपछि स्थानीयले संरक्षणका लागि प्रहरी गुहार्ने गरेका छन् । यसको उदाहरण पछिल्लो एकसातामा प्रहरीले अर्जुनचौपारी र बिरुवा गाउँपालिकाबाट डोजर, ट्रिपर र ट्र्याक्टर नियन्त्रणमा लिएको घट्नाले देखाउँछ ।

प्रहरीले गएको एकसातामा पुतलीबजार नगरपालिका, अर्जुनचौपारी र बिरुवा गाउँपालिकाबाट खोलामा कानुन विपरीत उत्खनन् र ओसारपसार गर्ने सवारी साधन नियन्त्रणमा लिएर कारबाहीका लागि स्थानीय तहमा नै बुझाइदिएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक एंव सूचना अधिकारी प्रशन्न चौधरीका अनुसार अर्जुनचौपारी गाउँपालिकाको ४ मा पर्ने दरौखोला उत्खखन्मा प्रयोग गरिएको जेसिवी र ट्र्याक्टर नियन्त्रणमा लिएको छ । ग १ क ३३११ नम्बरको जेसिवी र ग १ त ५०२० नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि पालिकालाई बुझाइएको सूचना अधिकारी डीएसपी चौधरीले बताए ।

» बाँकी ३ पेजमा

सुचना! सुचना!! सुचना!!!

श्री सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा.लि. द्वारा सर्वसाधरण, उपभोक्ता तथा व्यापारीको हितमा जारी अत्यन्त जरुरी सुचना

उपरोक्त सम्बन्धमा नवलपरासी जिल्ला, रामग्राम नगरपालिका, वडा नं. १० मा रजिस्टर्ड कार्यालय भई बुटवल उपमहानगरपालिका, वडा नं. ५, अमरपथमा मुख्य अफिस भई संचालनमा रहेको यस सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा. लि.ले यस कम्पनिको प्रारम्भ देखि नै आफ्नो उपभोक्ताको हितलाई शिरोपर गर्दै विभिन्न ब्राण्डका चाउचाउ उत्पादन गर्दै उपभोक्ता माझ ल्याएको त सर्वविधितै छ । त्यसै क्रममा यस सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा. लि.को स्वामीत्वमा रहेको र नेपालका उपभोक्ता द्वारा अत्याधिक रुचाईएको ब्राण्ड **गज्जबको पिरो**लाई नक्कल गरि सर्वसाधरण, उपभोक्ता तथा व्यापारीलाई झुक्याउने दुराशयबाट विभिन्न अन्य उत्पादकहरुले उस्तै-उस्तै देखिने wrapper (खोल), रंग तथा कार्टुन बक्स समेत प्रयोग गरि बजारमा अन्य नामका उत्पादनहरु बिक्री वितरण गरेको भन्ने समाचारले यस कम्पनिको ध्यानाकर्षण भएको छ ।

उक्त त्यस्ता **गज्जबको पिरो** जस्तै देखिने अन्य नक्कली उत्पादन देखि सचेत रहिदिनुहुन हामी सर्वसाधरण, उपभोक्ता तथा व्यापारी माझ अपिल गर्दछौं ।




कम्पनीको करपोरेट कार्यालयः
सिद्धि विनायक स्न्याक्स
एण्ड नुडल्स प्रा.लि.
खुशी कम्पलेक्स, बुटवल-५,
अमरपथ, रुपन्देही
फोन नं. ०७१-४३७४९५
Email: info@siddhivinayaknoodles.com

# सम्पादकीय

## निजामति प्रशासनमा अराजकता

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी विधेयकका प्रावधान कतिपय प्रावधान हटाउन मुख्यसचिव र सचिवले राजनैतिक नेतृत्वलाई अस्वभाविक ढंगले दबाब दिनु गलत छ। उनीहरुले हुल बाँधेर प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष र सत्तारूढ कांग्रेस सभापतिलाई भेटेर दबाब दिएर कर्मचारी संयन्त्रको अराजकता उदांगो भएको छ।

संसदको समितिले अवकाश र पुनर्नियुक्तिको अवधि (कुलिङ पिरियड) दुई वर्ष राख्ने गरी पारित गरेको विधेयकको प्रतिवेदनप्रति उनीहरुको असहमति विधि, प्रक्रिया र प्रणालीलाई धुजाधुजा पार्ने प्रपञ्च हो । निजामति प्रशासनको उच्च नेतृत्व यो हदसम्म अराजक ढंगले प्रस्तुत हुनुले नेपालको कर्मचारी संयन्त्र चरम अवसरवादमा फसेको प्रष्ट भएको छ। विधेयकमा दुई वर्ष कुलिङ पिरियड राख्नुका बहुआयामिक कारण छन्। यो राख्दा व्यापक छलफल भएको छ। कर्मचारी प्रशासनमा मौलाउँदै गएको स्वार्थी र अवसरवादी प्रवृत्तिलाई निरुत्साहित गर्न कुलिड पिरियड अघि सारिएको हो । निजामति प्रशासन स्थायी सरकार हो । राजनैतिक नेतृत्व हरेक पाँच वर्षमा परिवर्तन हुन्छ । अझ हामी कहाँ छिटो–छिटो सरकार फेरिने हुँदा राजनैतिक नेतृत्व त्योभन्दा छिटो फेरिन सक्छ। राजनैतिक नेतृत्व फेरिरहँदा कर्मचारी संयन्त्र स्थिर हुन्छ। स्थायी सरकार कर्मचारी संयन्त्र स्वार्थको जालोमा जेलिदा देशले दिनप्रतिदिन मूल्य चुकाउनुपर्ने हुनसक्छ।

निजामति प्रशासनमा लामो समय काम गरिसकेपछि निवृत्त भएपछि विभिन्न गैरसरकारी संस्था, दातृ निकायमा काम गर्न जाने कर्मचारीको लर्को ठूलै छ । अझ राजनैतिक नेतृत्वलाई रिझाएर अवकाश लगत्तै संवैधानिक निकाय र राजदूत हुने कर्मचारीको संख्या ठूलो छ। लामो समय सरकारी सेवामा बिताउँदा उनीहरुले हासिल गरेको अनुभव र ज्ञान राष्ट्र निर्माणमा काम लाग्छ नै, तर उनीहरुले सेवा निवृत्त भए लगत्तै पाउने अवसरका लागि स्वार्थ समूहका लागि काम गर्ने प्रवृत्ति मौलाउँदै गएको छ। जुन प्रवृत्ति स्वच्छ र स्वस्थ लोकतान्त्रिक प्रणाली विकासका लागि बाधक छ। राजनैतिक नेतृत्वसँग स्वार्थको सम्बन्ध विस्तार गरेर स्वार्थ पूर्ति गर्न पल्केको कर्मचारी नेतृत्व राजनैतिक नेतृत्वकहाँ घरदैलो गर्दा त्यसले राम्रो सन्देश दिनसकेन्।

कुलिङ पिरियड निजामति प्रशासनलाई लयमा हिडाउनका लागि अनिवार्य छ । सेवा निवृत्तपछि पाउने अवसरको आशा र लोभमा अवाञ्छित काममा लाग्ने प्रवृत्ति स्वतः कमजोर हुँदैजान्छ। लोकतान्त्रिक प्रणालीलाई व्यवहारमा स्थापित गर्ने कानुनको सही निर्माणले मात्रै सम्भव छ। आम नागरिकले कुलिङ पिरियड ठिक भनिरहेको, बौद्धिक वर्ग र निजामति प्रशासनमा राम्रो छवि बनाएर निवृत्त भएका उच्च प्रशासकहरुले पनि आवश्यक बताइरहेका बेला संगठित रूपमा घरदैलो गर्ने काम पटक्कै राम्रो होइन्। अब यस्ता हर्कत नगर्दा निजामति कर्मचारी प्रशासनको साख जोगिन सक्छ। व्यक्तिगत स्वार्थका लागि संस्थागत रुपमा साख गिराउनु निन्दनीय छ।

# राष्ट्रवादको फराकिलो आयाम



**शक्ति नेपाल**

अनेक मानिसको साझा विचार र स्वीकारोक्तिको समूह नै राष्ट्र हो । मान्छे विवेकले काम गर्छ, विवेकसम्मत भएर सोच्छ, विवेकशील भएर व्यवहार प्रस्तुत गर्छ । विवेकशील सोचको साझा धारणा, विश्वास, शैली, कर्म, त्याग, तपस्या, समर्पण, नैतिकता र आदर्शको मिलनविन्दु नै राष्ट्र हो। यसबारे अनेक समयमा अनेक ढङ्गले चर्चा, व्याख्या र अध्ययन भएका छन्। अर्नेस्ट रेनन (सन् १८८२) ले राष्ट्र के हो ? भन्ने प्रश्नलाई सम्बोधन गरी प्रसिद्ध निबन्ध लेखे। उनी आफैँ पनि एक स्वतन्त्र चिन्तक, अध्येता र कुशल प्राध्यापक थिए । रेनन स्वतन्त्र विचारक, धर्मशास्त्री र प्रतिष्ठित ‘कलेज डे’ फ्रान्सका प्राध्यापक भएका कारण पनि उनका विचार स्वतन्त्र ढङ्गले अभिप्रेरित देखिन्छन्। उनले राष्ट्रियताका आदर्शबारे हार्दिक ढङ्गले व्याख्या, भाषण तथा लेखन गर्दा अधिकांश अध्येताका लागि चर्चाको विषय बन्यो । उक्त राष्ट्रको विषय आजको नयाँ नेपालमा पनि विभिन्न कोणबाट चर्चाको विषय बनी शैक्षिक ‘डिस्कोर्स’ मा अति सामान्य व्याख्याको विषय बनेको छ।

राष्ट्रलाई माया गर्नेहरूलाई सोध्यो भने उनीहरूले राष्ट्र एक आत्मा हो भन्ने जवाफ दिन्छन् । राष्ट्रभन्दा परराष्ट्रमा आनन्द लिइरहेकालाई सोही प्रश्न सोध्यो भने यो त विश्वका नागरिकलाई विभाजन गर्ने कथित सीमारेखा हो भन्छन्। सोही विषयमा अध्ययन गरिरहेका अध्येतालाई सोध्यो भने यो एक अध्यात्म र आदर्शको विन्दु हो, कठिन परिस्थितिमा सम्झन पुग्ने अन्तरमनको विचार हो भन्छन्। अवसरवादीको सामाजिक सञ्जालको अभिव्यक्ति हेर्दा राष्ट्रका नागरिकलाई ढोँगी प्रवृत्तिको विकास गरी अल्मल्याउने भुलभुलैयाको विषय हो भन्ने देखिन्छ। यथार्थमा राष्ट्र भनेको भिन्नै विषय हो र त्यस्तै देखिन्छ।

हो, राष्ट्र भनेको नागरिकको आत्मा र अध्यात्मको विषय हो । यस विषयलाई रेनन (सन् १८८२) ले यी दुई आत्मा र अध्यात्म विषय एकै हुन् भन्दै जुन एउटै भएको र मानिसहरू मिलेर यो आत्मा वा आध्यात्मिक सिद्धान्त बनेको बताएका छन् । ती दुईमध्ये एउटाले विगतलाई प्रतिनिधित्व गर्छ भने अर्कोले वर्तमानलाई । एउटा स्मरणमा बाँच्ने धनी विरासतको साझा स्वामित्व हो भने अर्को वर्तमानको सहमति हो । यसर्थ यी दुवै सँगै बस्न चाहनु स्वच्छ राष्ट्रवाद हो। अनि आफूले प्राप्त गरेको सम्पूर्ण विरासतलाई निरन्तर रूपमा कदर गर्ने इच्छा पनि राष्ट्रिय भावना हो । हुन त मानिसले तत्कालै केही बनाउँदैन । मात्र अन्य व्यक्तिहरूसँग मिलेर बसी सामाजिक सम्बन्ध बनाउँछ। त्यस कारण राष्ट्र निर्माणको सुरुवात व्यक्तिको साझा धारणा र विश्वासको चरणबाट हुन्छ।

राष्ट्र भनेको एउटा व्यक्तिको जस्तै लामो समयदेखिको प्रयास, बलिदान र समर्पणले भरिएको अतीतको पराकाष्ठा पनि हो। हाम्रा पुर्खाहरूको मान्यता, विश्वास, कदर र पूजा सबैभन्दा सत्य विषय हो, किनकि उनीहरूले हामीलाई हामी जे हौँ, जे थियौँ त्यही बनाएका हुन्। हामी आफ्नो समय, उमेर र बेलामा जस्तो सोच्थ्यौँ, त्यस्तै बन्न दिएका हुन् । जे जे प्राप्त गर्‍यौँ त्यसलाई संरक्षण गर्न सिकाएका हुन्। जे जे गुमायौँ अझ धेरै गुम्न नदिन भनेका हुन्। तसर्थ इतिहासको एक वीर र साहसी व्यक्ति, अतीतको इतिहास, महान् व्यक्तिहरू, सच्चा गौरव र साझा मान्यता मानिसको सामाजिक पुँजी हो । सामाजिक पुँजीबाट राष्ट्र निर्माणको यात्रा सुरु हुन्छ। एउटा व्यक्तिको अवस्थाले राष्ट्रलाई सङ्केत गरिरहेको हुन्छ। राष्ट्रमा देखिएको गरिब मानवताले कति धेरै दुःख पाइरहेको हुन्छ। राष्ट्रवादी विचारमा भने हामीले कति दुःख पायौँ भन्ने विचारले भन्दा राष्ट्रले कति दुःख पायो भन्ने विषय हाबी हुन्छ । अतः असल राष्ट्रवादमा मानिसलाई अझैँ कति दुःख र पीडाले परीक्षा लिन पर्खिरहेका छन् भन्ने आँकलन हुन्छ। व्यक्तिको बुद्धिले उसैलाई आफ्नो मार्गमा फालिएका अनगन्ती खतराबाट बचाउन मार्गदर्शन गरोस् भन्ने कामना गरिएको हुन्छ।

त्यस विषयमा रेनन (सन् १८८२) भन्छन्-“मानिस न आफ्नो जातिको दास हो, न आफ्नो भाषाको, न आफ्नो धर्मको, न नदीका मार्गको, न त पहाडी शृंखलाहरूका दिशाको । स्वस्थ मन र न्यानो हृदय भएका मानिसको ठुलो जमघटले एक नैतिक विवेक सिर्जना गर्छ,” जसलाई हामी राष्ट्र भन्छौँ । जबसम्म यो नैतिक विवेकले समुदायको सेवामा व्यक्तिका त्यागको माग गर्छ, अनि व्यक्तिका त्यागलाई साझा बलिदानका रूपमा स्वीकार्छ, त्यो विवेक नै राष्ट्रको शक्ति हो। त्यसैले व्यक्तिले गर्ने बलिदानहरूले उसको राष्ट्रप्रतिको शक्तिको प्रमाण दिन्छन्। उक्त प्रमाणबाट नै उसले राष्ट्रमा आफ्नो प्रभाव कायम गर्न थाल्छ।

राष्ट्रका लागि बलिदान दिनेलाई अस्तित्वमा रहने अधिकार छ। सिमानामा शङ्का उत्पन्न भएमा, विवादित क्षेत्रका जनसंख्यासँग परामर्श गर्नु र उनीहरूलाई पनि त्यस मुद्दामा आफ्नो राय राख्ने अधिकार दिनु राष्ट्रवादी मान्यता हो। उक्त अभ्यासले राजनीतिक रूपले उत्कृष्ट व्यक्ति, अझ त्यो जान्नेबुझ्ने व्यक्ति, जो आफ्नो जीवन आफैँलाई धोका दिँदै बिताउँछन् र आफ्ना मान्यताबाट हाम्रा सांसारिक समस्यामा दया देखाउँछन्, तिनीहरूको ओठमा राष्ट्रवादी विचारले मुस्कान ल्याउँछ।

राष्ट्रवादको असल र सफल प्रयोगमा सर्वप्रथम फ्रान्स अगाडि आउँछ । किनकि ती फ्रान्सेली विचार छन्, जसले कूटनीति र युद्धलाई पनि सरल माध्यमद्वारा प्रतिस्थापन गर्ने दाबी गर्छन् । उनीहरू भन्छन्, “हामी पर्खौं, उत्कृष्ट व्यक्तिको शासन बित्न दिनुहोस्, शक्तिशालीको घृणालाई सहने बानी बसाल्नुहोस्। सायद धेरै निष्फल हातखुट्टा फालेपछि मानिस हाम्रा अनुभवजन्य समाधानतर्फ फर्कने छन् ।” अतः भविष्यमा सही हुने तरिका भनेको निश्चित समयमा अप्रचलित हुन राजी हुनु पनि हो । फ्रान्सेलीको उक्त विचारले राष्ट्रप्रति आफ्नो लगाव प्रस्ट छ भने एक दिन मौका जोकसैको आउँछ, शासकले यसो गर्‍यो उसो गर्‍यो भनेर चिन्ता गर्नुभन्दा उनीहरूलाई सुध्रने मौका दिनु र आफूले पर्खनु सबैभन्दा उत्तम विचार हो भन्ने विषयलाई केन्द्रमा राखेको छ।

**राष्ट्रको निर्माण कसरी हुन्छ ?**

राष्ट्र कसरी बन्छ भन्ने प्रश्न निकै जटिल छ। इतिहासकार र समाजशास्त्री यस विषयमा फरक फरक विचार राख्छन्। कसैको विचारमा राष्ट्र भाषा, जाति, धर्म र संस्कृति जस्ता तत्वहरूले बन्छ। ‘अर्नेस्ट रेनन’ जस्ता विचारक राष्ट्रलाई एउटा आध्यात्मिक सिद्धान्त मान्छन्, जुन साझा इतिहास र सँगैसँगै बस्ने र बाँच्ने इच्छाबाट निर्माण हुन्छ । उक्त इच्छाले मूर्त रूप लिएपछि राष्ट्र बन्छ। राष्ट्र निर्माणमा शासक, राजनीतिक विचारधारा र ऐतिहासिक घटनाहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ। फ्रान्सको उदाहरण लिँदा त्यहाँका शासकले देशलाई एकताबद्ध गर्न र राष्ट्रिय पहिचान निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेका प्रमाण पाइन्छन्। अमेरिकामा पनि एकीकृत राष्ट्र निर्माणमा धेरै शासकले भूमिका खेलेको इतिहास देखिन्छ। नेपालमा पनि पृथ्वीनारायण शाहको इतिहासलाई राष्ट्र निर्माणको योगदानका रूपमा लिँदा फरक नपर्ला। यद्यपि त्यो प्रयासमा सिमानाको प्रभाव बढी थियो, आन्तरिक साझा तत्वका लागि त्यतिखेर सोचविचार नगरिएकै हो भन्न सकिन्छ।

**राष्ट्रको अवधारणामा नयाँ मोड**

राष्ट्र एउटा आध्यात्मिक सिद्धान्त हो, जुन विगत र वर्तमान दुई तत्व मिलेर बनेको हुन्छ भन्ने अधिकांशका साझा मत छ। यसमा आफूमा भएका विरासतलाई निरन्तरता दिने चाहना जागृत स्वाभाविक हुन्छ। यसै परिप्रेक्ष्यमा आधुनिक राष्ट्रहरू इतिहासका पानामा नयाँ घटना हुन् । प्राचीन इजिप्ट, चीन जस्ता राष्ट्र इतिहासमा प्रभावशाली थिएनन्, तिनीहरू शासकद्वारा शासित थिए। फ्रान्सेली क्रान्तिपछि मात्रै राष्ट्रको अवधारणाले नयाँ रूप लियो, जहाँ राष्ट्र आफैँमा अस्तित्वमा आएको मानिन्छ।

**राष्ट्रवाद र यसका तत्व**

राष्ट्रवादले मानिसलाई एकताबद्ध गर्छ। यसमा केही खतरा पनि छन्। यसले कहिलेकाहीँ जातीय द्वेष र अरूलाई हेप्ने भावना पनि ल्याउन सक्छ। राष्ट्र निर्माणमा भाषा, धर्म, भूगोल र साझा हित जस्ता तत्वले भूमिका खेल्छन् । यीमध्ये कुनै पनि तत्व पूर्ण राष्ट्र निर्माणका लागि पर्याप्त छैनन्। बरु साझा इतिहास, बलिदान र सँगैसँगै खाने, बस्ने र काम गर्ने इच्छा जस्ता विषयले राष्ट्र बलियो बनाउँछन्।

**राष्ट्र र राष्ट्रवाद**

राष्ट्र र राष्ट्रवाद दुई यस्ता शब्द हुन्, जसलाई हामी अक्सर एकै अर्थमा प्रयोग गर्छौं । यी दुईमा धेरै भिन्नता देखिन्छ । राष्ट्र एउटा राजनीतिक र सामाजिक संरचना हो, जुन साझा भूगोल, भाषा, संस्कृति र इतिहासले जोडिएको हुन्छ । यो एक अमूर्त भावना हो, जसले मानिसलाई एकताबद्ध गर्छ र उनीहरूमा सामूहिक पहिचानको भावना जगाउँछ । राष्ट्रवाद यही राष्ट्रप्रतिको गहिरो प्रेम र भक्ति हो। यो एउटा विचारधारा हो, जसले आफ्नो राष्ट्रलाई अरूभन्दा महान् ठान्छ र त्यसको हितलाई सर्वोपरि मान्छ। राष्ट्रवादले मानिसलाई आफ्नो राष्ट्रका लागि बलिदान दिन प्रेरित गर्छ र उनीहरूमा एकताको भावना विकास गर्छ । आफूभन्दा बढी प्राथमिकतामा राष्ट्रलाई राख्नु राष्ट्रवाद हो, राष्ट्रका लागि बलिदान दिन तयार हुनु राष्ट्रवादी मान्यता हो । अनि आफ्ना भाषा, जाति, वर्ग, समुदायसमेतको साझापनले विचार निर्माण गर्नु राष्ट्र निर्माणमा सहयोग गर्नु हो। त्यसका लागि समर्पित हुनुचाहिँ राष्ट्रवाद हो।

**राष्ट्रवादको प्रभाव**

राष्ट्रवादले विश्वमा धेरै परिवर्तन ल्याएको छ । यसले देशहरूलाई एकताबद्ध गर्न र राष्ट्रिय पहिचान निर्माण गर्न मद्दत गरेको छ । यसले युद्ध र द्वन्द्व पनि निम्त्याएको छ । पहिलो र दोस्रो विश्वयुद्ध राष्ट्रवादकै कारण भएका थिए। अस्ट्रिया र हङ्गेरीमा भएको राजनीतिक तथा मिलिटरी संलग्नता (गुट) का कारण प्रथम विश्वयुद्ध भएको थियो । त्यसको मुख्य कारण युरोपियन मुलुकले गरेका उपनिवेशका अभ्यासको विरुद्ध पनि थियो । दोस्रो विश्वयुद्धमा अमेरिका र रुसका आआफ्ना राष्ट्रवादका रुचिका कारण थिए । अहिले पनि हेर्दा आजको विश्वमा राष्ट्रवादको भूमिका झन् जटिल बन्दै गएको छ । भूमण्डलीकरणले देशहरूलाई एकअर्कासँग जोडेको छ तर यसले राष्ट्रिय पहिचानलाई पनि चुनौती दिइराखेको छ। मानिसहरूले आफ्नो देशलाई बिर्सन थालेका छन् । विश्व राष्ट्रवादको अभ्यास हुन थालेको छ । आप्रवासन र बहुसंस्कृतिवादले राष्ट्रहरूको संरचना परिवर्तन गर्दै छन् । यस्ता अवस्थामा राष्ट्र र राष्ट्रवादको अर्थ र महत्वमाथि पुनर्विचार गर्नु आवश्यक छ। उक्त अवस्थालाई जोड्दै सञ्जीव उप्रेती (२०७८) लेख्छन्, “अहिले विश्वव्यापी संसारमा सबै राष्ट्रका आआफ्ना राष्ट्रिय सीमा छँदै छन्। हरेक राष्ट्रले अन्य राष्ट्रबाट आएकालाई आफ्नो राष्ट्रभित्र छिर्न दिने कि नदिने निर्णय गर्छन्।” छिर्न दिने वा नदिने त्यही अनुसार पद्धति अनुरूप निर्णय गर्छन्। त्यस्तो परिस्थितिमा नेपाल जस्तो सानो मुलुकका मानिसले राष्ट्रलाई अस्वीकार गर्दै साझा अन्तर्राष्ट्रियतातिर बढ्न खोजे नै पनि त्यस्तो प्रयत्नले कहीँ पुर्‍याउँछ जस्तो लाग्दैन । विश्वव्यापी राष्ट्रको कुरा गर्ने हो भने त्यस्तो भूमण्डलीय राष्ट्रका लागि अमेरिका, बेलायत तथा भारत जस्ता ठुला राष्ट्रले पहल गर्नुपर्ने हो तर तिनले विश्व राष्ट्रियताका विषयमा भन्दा आफ्नै राष्ट्रियताका विषयमा बढी चनाखो बढाएको देखिन्छ । यस्तो अवस्थामा नेपाल, बङ्गलादेश, भुटान जस्ता मुलुकका लागि अन्तर्राष्ट्रिय बन्न खोज्नु, नेपालीपनलाई, यसको नामलाई, यसको साझा सम्पर्क भाषा, संस्कारलाई अनि समग्र मिश्रित संस्कृतिलाई स्वीकार्न छाड्नु आफैँलाई झुक्याउनु, ढाँट्नु र भिरको चिन्डो जस्तो बन्ने मार्ग बनाउनु हो।

**राष्ट्रवादमा सफल राष्ट्र**

कुनै पनि देश आफ्नो राष्ट्रवादमा कति सफल छ भनेर ठ्याक्कै भन्न गाह्रो छ । किनकि सफलतालाई नाप्ने कुनै निश्चित मापदण्ड छैन । केही यस्ता देशहरू छन्, जसलाई धेरैले आफ्नो राष्ट्रवादी नीतिमा सफल मान्छन् । फ्रान्सलाई राष्ट्रवादका विषयमा सफल राष्ट्र मानिन्छ । जहाँ राष्ट्रवादले लामो समयदेखि महत्वपूर्ण भूमिका खेलेको छ । फ्रान्सेली क्रान्तिले राष्ट्रवादको आधुनिक अवधारणालाई जन्म दियो र फ्रान्सले यसलाई विश्वभर फैलायो । फ्रान्सको बलियो राष्ट्रिय पहिचान छ, जुन भाषा, संस्कृति र इतिहासमा आधारित छ।

जापान पनि अर्को यस्तो देश हो, जहाँ राष्ट्रवादले महत्वपूर्ण भूमिका खेलेको छ । जापानको राष्ट्रवाद बलियो सांस्कृतिक पहिचान, परम्परा र इतिहासमा आधारित छ। जापानले आफ्नो राष्ट्रवादलाई आधुनिकीकरण र आर्थिक विकासका लागि प्रयोग गरेको छ । संयुक्त राज्य अमेरिका पनि राष्ट्रवादमा सफल मानिन्छ । अमेरिकाको राष्ट्रवाद स्वतन्त्रता, समानता र प्रजातन्त्र जस्ता मूल्यमान्यतामा आधारित छ । अमेरिकाले विभिन्न पृष्ठभूमिका मानिसलाई एकताबद्ध गर्न राष्ट्रवादको प्रयोग गरेको छ। त्यसको उदाहरणका रूपमा वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पको नारा र अभियानलाई लिन सकिन्छ । फेरी अमेरिका जुमुराउँछ भन्ने अभियानले अमेरिकाको राष्ट्रवाद प्रस्ट झल्किन्छ। ट्रम्पले मेक्सिकोतिर पर्खाल लगाउनु, भारतले पाकिस्तान, बङ्गलादेश, भुटान तथा उस्तै परे नेपाललाई पनि आफ्नो बाटोमा हिँडाउन खोज्नु, चीनले हङकङ, तिब्बत जस्ता प्रान्तमा दबदबा कायम राख्नु, इयुबाट बेलायत छुट्टिनु, गल्फ राष्ट्रहरूको साझा पहिचानमा एकता हुनु जस्ता घटना प्रस्ट छन् । अझै उत्तर कोरियाको शासक, शासकीय प्रणाली तथा त्यहाँको व्यवहार र अन्य देशसँगको सम्बन्धका विषयले राष्ट्रवादका विभिन्न आयामलाई सङ्केत गर्छन्।

यी त केही उदाहरण मात्र हुन् । राष्ट्रवाद विभिन्न देशमा फरक-फरक रूपमा प्रकट हुन्छ र यसको सफलता देशको इतिहास, संस्कृति र राजनीतिक प्रणालीमा निर्भर गर्छ।

**निष्कर्ष**

राष्ट्र र राष्ट्रवाद मानव इतिहासका दुई महत्वपूर्ण शक्ति हुन् । यिनीहरूले मानिसलाई एकताबद्ध गर्न र समाजलाई आकार दिन महत्वपूर्ण भूमिका खेलेका छन्। यिनीहरूलाई बुझ्नु र सही तरिकाले प्रयोग गर्नु आवश्यक छ। उग्र राष्ट्रवादले द्वन्द्व निम्त्याउन सक्छ, त्यसैले हामीले सधैँ सहिष्णुता र समझदारीलाई बढावा दिनु पर्छ। आत्मपरक तत्वमा साझा इतिहास, सामूहिक स्मृति, बलिदान र सँगै बस्ने, बाँच्ने र सहकार्य गर्ने इच्छा पर्छन् । साझा इतिहासले मानिसलाई आफ्नो विगतप्रति गर्व गर्न र राष्ट्रिय गौरवको भावना जगाउन मद्दत गर्छ । सामूहिक स्मृतिले महत्वपूर्ण घटना र व्यक्तित्वलाई सम्झन्छ। बलिदानले राष्ट्रका लागि गरिएको त्यागलाई दर्शाउँछ। सँगै बस्ने इच्छाले वर्तमानमा एकताबद्ध भएर भविष्यमा पनि सँगै रहने चाहनालाई जनाउँछ । तसर्थ राष्ट्र एक जटिल र परिवर्तनशील अवधारणा हो। यो कुनै स्थिर वस्तु नभएर निरन्तर परिवर्तन भइरहने प्रक्रिया हो।

राष्ट्रवादले विश्वमा सकारात्मक र नकारात्मक दुवै खालका प्रभाव पारेको छ। यसले एकता र पहिचानको भावना जगाउँछ, द्वन्द्व र विभाजन पनि ल्याउन सक्छ । नेपालका सन्दर्भमा बहुसंस्कृतिमा आधारित राष्ट्रवादको अभ्यास नै सुहाउँछ। उक्त शैलीले सबै नागरिकलाई राष्ट्रप्रतिको अपनत्व बोध गराई साझा भावनाको जागृत गराउँछ। राष्ट्रमा सबैका लागि स्वीकार्य हुने नेपाली भाषा र यहाँका अन्य आदिम संस्कार तथा शैली एवं परम्परालाई राष्ट्रवादसँग जोडिएमा नेपालको राष्ट्रवाद पनि अमेरिकाको झैँ एकैचोटि जऱ्याकजुरुक भई उठ्ने छ। भारतको पत्रकारिता झैँ साझा स्वर भई जाग्ने छ। चीनको झैँ योजनाबद्ध समृद्धिमा लाग्ने छ । जापानको जस्तो अन्तरसंस्कृति र श्रमको संवर्धन हुने छ। अनि सबै नेपालीमा साझा नेपालीत्वको भावना मुखरित हुने छ। गोपबाट

# फुसर्द धेरै हुँदा गलत ठाउँमा फस्दै जनता !

**रुषा थापा**

पाँच दशकअघि मुलुकमा अशिक्षित व्यक्तिहरुको संख्या धेरै थियो । विभिन्न कारणले गर्दा प्रायःजसो मानिस शिक्षा प्राप्तिबाट वञ्चित भएका थिए। त्यतिबेला उनीहरुको जीवन नै कृषि थियो । बिहानदेखि बेलुकासँग खेतबारी, घाँसदाउरा र घरायसी काम गर्दै ठिक्क हुन्थ्यो। चप्पल चलाउने चलन थिएन। खाली खुट्टा हिँडिन्थ्यो। च्यातिएको कपडा लगाइन्थ्यो।

तर, आफू नखाएर भए पनि अफ्ठयारो वा समस्यामा परेका व्यक्ति तथा छरछिमेक, आफन्तहरुलाई सहयोग गरिन्थ्यो । नचिनेका व्यक्तिलाई समेत घरमा बास दिइन्थ्यो । यति मात्र होइन सार्वजनिक काम मिलेर गरिन्थ्यो । बाटो, चौतारा, पाटीपौवा, ढुंगेधारा, कुवा, खोलामा साङ्ग पनि सबै मिलेर हालिन्थ्यो । आफ्नो गाउँमा विद्यालय भत्किएमा आफैं मर्मत गर्न अघि बढिन्थ्यो। दशकअघि मानिसहरु खेतबारी अर्थात् जग्गाको धनी थिए। जग्गा नभएको व्यक्ति सायदै हुन्थे। एउटै व्यक्तिको एक रोपनीदेखि सयौं रोपनीसम्म जमिन हुन्थ्यो। खेतबारी, गाईवस्तु घरको काम गरेरसमेत उनीहरु सार्वजनिक काम गर्न समय निकाल्थे।

शिक्षा प्राप्त नगरेपनि मानिसहरुमा चेतना थियो । आफ्नो काम आफैं गर्नुपर्छ, राज्यको मुख ताक्नुहुन्न भन्ने उनीहरुको सोंचाइ थियो । किताबी ज्ञान नभए पनि मानिसमा व्यवहारिक ज्ञान भने निकै हुन्थ्यो । दशकअघि अहिलेजस्तो मिलको व्यवस्था थिएन। कतै कतै पानी घट्टो हुन्थ्यो। त्यो पनि घण्टौ हिँडेर जानुपर्ने। बिहान ३ बजे नै उठेर गहुँ, मकै, कोदो पिन्न घट्टो पुग्थे।

कोही चाँहि रातभर आफ्नो घरमा जातो वा ओखलमा पिस्थे। आफ्नो घर आँगन र बाटो आफैं सफा राखिन्थ्यो। बिहानै उठेर घरदेखि बाटोसम्म कुचो लगाइन्थ्यो। ढुंगेधारा, कुवा, पाटी पौवा, चौताराहरु फोहोर भएमा पनि आफैंले सफा गरिन्थ्यो । कुनै पनि काममा सरकारको मुख नताक्ने प्रवृत्ति थियो। विद्यालय, अस्पताल निर्माणमा समेत श्रमदान गरिन्थ्यो।

तर, पछिल्लो समय हरेक काममा सरकारको मुख ताक्ने प्रवृत्तिको विकास भएको छ । अहिले थुप्रै मानिस शिक्षित छन् । यद्यपि, उनीहरुको व्यवहारिक ज्ञान भने भएन। जसका कारण मानिसहरुमा आफ्नै कामसमेत आफैं नगर्ने प्रवृत्तिको विकास हुँदै गएको छ। ७४ वटा जिल्लाका जनता काठमाडौं उपत्यका आए।

गाउँको घर ताल्चा झुण्डाए र जमिन बाँझो राखी सेवासुविधाको खोजीमा उनीहरु उपत्यका छिरे। यहाँ जमिन किने। घर बनाए। यता, उपत्यकावासीले पनि धमाधम जमिन बेचे। जमिन बेचेर छोराछोरीको बिहे गरिदिने, जमिन बेचेरै भोजभतेर गर्ने, घर बनाउने, रक्सी खानेजस्ता काम गरे।

दशकअघि उपत्यकामा दशदेखि सयौं रोपनीसम्म जमिन हुनेहरु अहिले चार आनामा सीमित भएका छन् । बाहिरी जिल्लावासीले पनि आफ्नो गाउँको सयौं रोपनी जमिन बाँझो राखेर उपत्यकामै चार आना जग्गा किनेका छन् । घर बनाएका छन् । आफ्ना कार्यकर्तालाई रोजगारी दिन राजनीतिक दलहरुले सार्वजनिक कामका निम्ति ‘प्रधानमन्त्री रोजगारी कार्यक्रम’ ल्याए। जसले गर्दा मानिसहरुमा सार्वजनिक काम गर्नुपर्छ भन्ने सोंचाइको नै अन्त्य भयो । विगतमा निःशुल्क सार्वजनिक काम गर्नेहरु अहिले पैसाबिना आफ्नै घरअगाडिको फोहोरसमेत उठाउँदैनन् । प्रधानमन्त्री रोजगारी कार्यक्रममार्फत् पार्टीका झोलेहरुले मात्र जागिर पाएका छन्।

पार्टीको आडमा जागिर पाएकाहरुबाट कामको के आशा गर्नु र। उनीहरु कार्यालय जान्छन् हाजिर चाँहि गर्छन्, तलब बुझ्छन्, तर काम चाँहि गर्दैनन्। जसले गर्दा राज्यलाई आर्थिक भार थपिएको छ। अर्कोतर्फ भ्रष्टाचार पनि मौलाउँदै गएको छ । प्रधानमन्त्री रोजगारी कार्यक्रमअन्तर्गत मानिसहरुलाई रोजगारी दिएर मात्र हुँदैन। काम गर्न आवश्यक पर्ने सामग्रीसमेत दिनुपर्छ। त्यसको खरिदमा खर्बौ भ्रष्टाचार भएको छ वा हुने गरेको छ।

जसले गर्दा राज्यको खर्बौं लगानी बालुवामा पानी बराबर भइरहेको छ। उपत्यकामा जति पनि घर बनेका छन्, त्यसमा आँगन अथवा खाली ठाउँ छैन। सानो जग्गामा अग्लो घर बनाएर भाडामा लगाइएको छ। मासिक रुपमा भाडा असुलिन्छ। तर, आफ्नै घर वरपरको फोहोर सफा गरिँदैन। स्थानीय तहबाट आएका कर्मचारीले सफा गरिदिनुपर्छ।

अहिले मानिसहरु निकै फुर्सदिलो छन् । विडम्बना, उनीहरुसँग सार्वजनिक काम गर्न चाँहि समय छैन। दिनभर मोबाइल चलाएर बस्छन्। धर्मको नाममा अनेक ठाउँ दौडिन्छन्। भोजभतेरी, विवाहमा जान्छन् तर विद्यालय, अस्पताल बनाउन श्रमदान गर्ने समय हुदैँन। मानिसहरुले किताबी ज्ञान त धेरै प्राप्त गरे। दुर्भाग्य, व्यवहारिक ज्ञान भने कसैमा पाइँदैन।

यहाँ त अरुको राम्रो कामलाई नजरअन्दाज गर्ने, नराम्रोलाई चाँहि पछ्याउने प्रवृत्ति बढ्दो छ। उदाहरणका लागि कसैले बाटो सफा गरेमा त्यसमा कसैले साथ दिँदैनन् । उल्टै फोहोर पारिदिन्छन् । अनि धर्मको नाममा माता कहाँ गएर दिनभर नाचगान गर्छन्। हजारौं रकमको फलफूल तथा सामग्री लगेर चढाइन्छ। पैसा पनि उत्तिकै चढाइन्छ। धर्मको नाममा आफ्नो पैसा र समय दुवै खर्च गर्न थालिएको छ।

कृथित माताहरुले धर्मको नाममा शिक्षित व्यक्तिहरुलाई उल्लु बनाएर ठगिरहेका छन् । उनीहरुको सम्पत्ति लुटिरहेका छन् । देशमा निजी तथा सरकारी थुप्रै अस्पताल छन् । विडम्बना, अहिले पनि बिरामी हुँदा माता, धामी झाँक्री कहाँ जाने गरिन्छ। कथित माता, धामी झाँक्रीहरुले उपचार गर्न दिँदैनन्। अनि निर्दोष व्यक्तिले अकालमै ज्यान गुमाउनुपरेको छ।

यति मात्र होइन, भविष्यवाणी गर्ने नाममा पनि लाखौं रकम ठगी गरिन्छ । यद्यपि, सरकार त्यस्ता ठग माताहरुलाई कारबाही गर्दैन । यहाँ सरकार नै कमजोर भयो। गलतविरुद्ध कदम चाल्नुको साटो सरका झुक्छ। अनि कसरी देश विकास हुन्छ। हाम्रो राष्ट्रिय भाषा नेपाली हो।

तर, पछिल्लो समय निजी विद्यालयहरुले विद्यार्थीलाई नेपाली नै बोल्न दिँदैनन् । न त नेपाली पढाउँछन् । अंग्रेजी सिकाउन मात्र विद्यालयहरु केन्द्रित देखिन्छन् । यसरी अंग्रेजी मात्र जानेपछि भविष्यमा ती विद्यार्थीले आफ्नै देशमा केही गर्न खोजे पनि नेपाली नआउँदा गर्न सक्दैनन् । अनि उनीहरु जहाँ अंग्रेजी बढी प्रयोग हुन्छ, त्यतितिर लाग्छन्।

अर्को भाषामा भन्नुपर्दा विदेश पलायन हुन्छन् । यदि सरकारले बेलैमा निजी विद्यालयहरुलाई अंग्रेजी मात्र पढाउनमा रोक लगाइदिएको भए आज ती विद्यार्थी विदेश पलायन हुनु पर्दैन्थ्यो। न त देशले सक्षम व्यक्ति गुमाउनु पर्थ्यो। यसरी सरकार कमजोर हुँदा त्यसको क्षति समग्र देशले व्यहोर्नुपर्छ। यता, मानिसहरुमा राम्रो र नराम्रो छुट्याउन सक्ने क्षमता नै छैन।

आफूलाई जन्म दिने आमाबुवालाई आश्राम छोड्ने अनि कुकुरलाई चाँहि आफूसँग सुताउँछन्, अचेल मानिसहरु। सार्वजनिक काम गर्नुपरे विभिन्न बहाना बनाउँछन्। आफ्नै घरको कामसमेत गर्दैनन्। कतिपय चाँहि अरुलाई देखाउनका निम्ति सार्वजनिक काम गरेजस्तो देखाएर भिडियो खिचेर फेसबुकमा पोस्ट गर्छन्।

# दश महिनामा आठ हजार बढी विपद्का घटना



काठमाडौँ । पछिल्लो १० महिनामा औसतमा दैनिक २७ वटा विपद्का घटना घटेका छन् ।

ती घटनामा मृत्यु भएका ५८९ जनाको शव व्यवस्थापन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । उनका अनुसार गएको मनसुनमा धेरै विपद्जन्य घटना घटेको र मानवीय क्षतिसमेत भएको थियो । प्रवक्ता थापाले १० महिनामा विपद्का आठ हजार २८३ घटना घटेको बताए । ती घटनाहरुमा परेर एक हजार ५१८ घाइते भएका छन् । कूल ३२ परिवार विस्थापित भएको उनले जनाए ।

ती विपद्जन्य घटनाहरुमा ५३ हजार प्रहरी जनशक्ति परिचालन गरी खोजतलास, उद्धार, राहत तथा सुरक्षित स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ ।

मनसुन प्रवेशको सँघारमा रहेकाले विपद् प्रतिकार्यका लागि प्रहरीले योजना निर्माण गरी आवश्यक तयारी गरिरहेको प्रवक्ता थापाको भनाइ छ ।

केन्द्रमा विपद् व्यवस्थापन कार्यालय रहेको र सबै प्रदेशमा विपद् व्यवस्थापन गुल्ममार्फत् टोली परिचालन हुने जनाइएको छ । जिल्लामा आवश्यकताका आधारमा विपद् व्यवस्थापन टोली परिचालन हुने प्रहरीले जनाएको छ ।

जल तथा मौसम विज्ञान विभागले यसवर्षको मनसुनमा सरदरभन्दा बढी वर्षा हुने आँकलन सार्वजनिक गरिसकेकाले प्रभावकारी विपद् व्यवस्थापन अघि बढाउन आवश्यक भएको र सोहीअनुसार तयारी भइरहेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।

# छुवाछूतका घटनाबाट १४ वर्षमा १७ जनाको ज्यान गयो

बुटवल । जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन, २०६८' जारी भएको १४ वर्ष पूरा भएको छ । तर ऐन कार्यान्वयन पछि पनि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउन सकेको छैन ।

यस अवधिमा पानी, चुल्हो छोएको र अन्तजातीय विवाह गरेको निहुँमा १७ जना दलित समुदायका व्यक्तिको हत्या भएको छ भने कैयौं सामाजिक बहिष्करणमा परेको समता फाउन्डेशनले जनाएको छ ।

फाउन्डेशनका अनुसार ऐन लागू भएपछि राजेश नेपाली (पर्वत), रुपमती कुमारी दास (मोरङ), नवराज विक (जाजरकोट) मनवीरे सुनार (कालीकोट), शिवशङ्कर दास (सप्तरी), सेते दमाईं (दैलेख), झुमा विक (ताप्लेजुङ), सङ्गीता परियार (तनहुँ) र अस्मिता सार्की (झापा) को हत्या भएको छ ।

त्यसैगरी लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालीकोट), दितीया रेष्मा रसाइली (धनुषा), माया विक (कैलाली), टीकाराम नेपाली (रुकुम) र अङ्गिरा पासी (रुपन्देही) को पनि हत्या गरिएको फाउण्डेशनका अध्यक्ष डा. मदन परियारले जानकारी दिए ।

ऐनबमोजिम कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ । कसुर गर्नेलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रुपैयाँ जरिवाना हुने पनि व्यवस्था छ । छुवाछूतका घटनालाई गाउँमै मिलापत्र गर्ने, प्रहरी प्रशासनले ऐनबारे अनविज्ञता प्रकट गर्दै उजुरी दिन आनाकानी गर्ने र यदि उजुरी दर्ता गरे पनि पीडककै पक्षमा फैसला हुने गरेको अध्यक्ष परियार बताउँछन् । अन्तरजातीय विवाह गरेकै कारण थुप्रै जोडी र दलित परिवार विस्थापित भएका छन् ।

विसं २०६८ जेठ १० गते व्यवस्थापिका-संसद्को बैठकले सर्वसम्मतिबाट 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' पारित गरेको थियो । ऐन व्यवस्थापिका-संसद्बाट पारित भएलगत्तै दैलेख तोली गाविस-२ धनीगाउँ निवासी सन्तबहादुर दमाईं र सोही स्थान बस्ने राजकुमारी शाहीबिच प्रेम सम्बन्ध कायम भई दुवैको आपसी समझदारीमा प्रेमविवाह गरेको निहुँमा राजकुमारी शाहीको माइतीपक्षले २०६८ साल भदौ १४ गते सन्तबहादुरका बाबु सेतेलाई साङ्घातिक आक्रमण गरेपछि निजको मृत्यु भएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेता पर्शुराम रम्तेलले ऐनको प्रभावकारी कार्यान्वयनमा राज्य गम्भीर हुनुपर्ने धारणा व्यक्त गरे । "मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहेको छ । सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ । तर कूल जनसंख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ ।"-उनले भने । दलित समुदायमाथि भइरहेको जातीय भेदभाव तथा छुवाछूतलाई पूर्णरुपमा अन्त्य गर्न ऐनको व्यावहारिक रुपमै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दलित अधिकारकर्मी बताउँछन् ।

---

**जैविक...**

वरिष्ठ चराविद् डा. हेमसागर बरालले मोटरबोट सञ्चालनपछि जगदिशपुर ताल रामसार सूचीबाट हट्न सक्ने खतरा बढेको बताए । '५/६ वर्षअघिसम्म नेपालमा सबैभन्दा बढी पानी चरालाई आश्रय दिँदै आएको जगदिशपुरमा ४ वर्षदेखि पानीको चराको संख्या घट्दै आएको छ ।'-उनले भने ।

सन् २०१९/०२० तिर २०-२२ हजार पानी चरालाई आश्रयस्थल दिँदै आएको ठाउँमा गत वर्ष ८ हजारमात्र पानी चरा गणना गरिएको थियो ।

रामसार क्षेत्रमा प्रभाव मूल्यांकन नगरी कुनै काम गर्न नपाइने वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले बताए ।

रामसार क्षेत्रमा सूचिकृत नेपालका १० सीमसार क्षेत्रमध्ये जगदीशपुर ताल हो ।

ताल सन् २००३ मा रामसार सचिवालयले अन्तर्राष्ट्रिय महत्वको विश्व सीमसार क्षेत्रका रूपमा सूचीकृत गरेको थियो । तालमा नेपालमा एकैठाउँमा उभिएर सबैभन्दा बढी चरा देख्न सकिन्छ । हिउँदमा बसाइँ सरेर नेपाल आउने सबैभन्दा धेरै चरालाई आश्रय दिँदै आएको छ । रूस, चीन, मंगोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट हिउँदे आगन्तुक चरा यहाँ आउने गर्छन् ।

मध्य एसियाका तुर्केमेनिस्तान, किर्गिस्तान र साइबेरियाबाट यहाँ चरा आउँछन् । तालमा हाँस प्रजातिका खडखडे, सिलसिले, कालीजुरे र मालक आउने गर्छन् । त्यस्तै सुइरोपुच्छे, बिजुलागैरी, बेल्चाठुडे, सिन्दुरे, कैलो टाउके र हरि हाँस पनि देखिन्छन् । रुख सुडसुडिया, चिमचिमे र जल रंक चरा पनि आउने गर्छन् ।

**गृहमन्त्रीको...**

यस क्रममा कोइरालाले विगतमा केही मन्त्रीले राजीनामा दिएर छानबिनमा सघाएको स्मरण पनि गृहमन्त्री लेखकलाई गराए ।

'रमेशजीको कुरा उठेपछि नैतिकताका आधार राजीनामा दिएर छानबिन गर्नुस् तपाईँहरू भने भइहाल्यो नि ! गृह मन्त्रालय त उहाँकै अन्डरमा छ नि त', नेता कोइरालाले भने-'उहाँले नैतिकताको हिसाब म क्लिन छु, मैले राजीनामा गर्रैं । छानबिन समिति बनाउनुस् गर्नुहोस् भने भइहाल्यो नि। त्यसले मोरल स्ट्याटस देखिन्छ ।' भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकको समेत संलग्नता रहेको आरोप लागेको छ ।

**नियोजित...**

साथै, उनले गृह मन्त्रालयअन्तर्गत लाखको संख्यामा कर्मचारी रहेको भन्दै जुनसुकै बेला जुनसुकै कर्मचारीमाथि अनुसन्धान हुनसक्ने बताए ।

'गृह मन्त्रालय यति ठूलो छ, यहाँ हजारमा होइन, लाखमा कर्मचारी छ । यत्रा कर्मचारीमा कुनै पनि बेला कुनै पनि कर्मचारीमाथि अनुसन्धान गर्न सक्छ,' उनले भने-'अनि कुनै पनि कर्मचारीमाथि अनुसन्धान सुरु हुँदैगर्दा सबै मन्त्रीले राजीनामा दिँदै जाने हो ? त्यही पद्धति बसाउने जाने हो ? आजसम्म त्यस्तो भएको छ ?'

**नदीजन्य...**

त्यसैगरी प्रहरीले पुतलीबजार नगरपालिका १३ दरौखोलामा पक्की पूलको नजिकै ढुङ्गा माटो झिकेर लोड गरिरहेको अवस्थामा ग १ त ५२२७ नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएर सम्बन्धित पालिकामा कारबाहीका लागि पठाएको जनाएको छ । यसैगरी बिरुवा गाउँपालिका ६ चिन्नेवासको ज्याग्दीखोलामा उत्खनन् र ओसारपसारमा प्रयोग गरिएका ग १ क ३११५ नम्बरको जेसिवी र ग १ क ५४९८, ग १ क ५४९९ नम्बरको ट्रिपर नियन्त्रणमा लिएर पालिकाकलाई आवश्यक कारबाहीका लागि पठाइएको जनाएको छ । सबै सवारी साधनहरु स्थानीयको सूचनाको आधारमा नियन्त्रण लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीले सम्बन्धित पालिकाले जरिवाना गरेको रसिदको आधारमा मात्रै छाड्ने गरेको प्रहरी डीएसपी चौधरीले बताए । 'प्रहरी कानुनको पालना गर्ने र गराउने निकाय हो,' सूचना अधिकारी डीएसपी चौधरीले भने-'हामीले कानुनको पालना गरेका हौं । संरक्षक र नियन्त्रणका लागि स्थानीयको आग्रह अनुसार प्रहरीले काम गरेको हो ।' प्रहरीले नियन्त्रणमा लिइएका सवारी साधनले कति जरिवाना तिरे भन्ने विषय भने सम्बन्धित पालिकासँग नै रहने प्रहरीको भनाइ छ ।

पछिल्लो समय राजस्व संकलनका नाममा खोला अत्याधिक दोहन हुनेक्रम बढेको छ । संरक्षणका लागि ध्यान नदिएका स्थानीय सरकारहरु राजस्व बढाउने नाममा खोलानाला जथाभावी उत्खनन् गर्ने क्रम बढेसँगै प्राकृतिक धरोहरका रुपमा परिचित खालाहरु हराउने र सुक्ने क्रम बढेको छ । यसतर्फ सम्बन्धित निकायले बेलैमा सोच्न जरुरी छ ।

# विदेशी पर्यटन व्यवसायी लुम्बिनी क्षेत्रमा



भैरहवा । नेपाली पर्यटन क्षेत्रमा विशेष महत्व राख्ने तेस्रो बुद्धिस्ट इन्टरनेशनल ट्राभल्स मार्ट (बीआइटीएम) को लागि विदेशी पर्यटन व्यवसायी तथा ट्राभल्स एजेन्टहरु लुम्बिनी आएका छन् ।

विश्व पर्यटनको केन्द्र लुम्बिनी र त्यस आसपासको क्षेत्रलाई प्रवर्धन गर्नेगरी नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) द्वारा आयोजित बिआईटिएमको लागि भारत, चिन, श्रीलंका, थाईल्यान्ड, मलेसिया, इन्डोनेशीया, भुटान, म्यानमार, सिंगापुर, नेदरल्यान्डस, श्रीलंका लगायत विभिन्न देशका ट्राभल्स एजेन्टहरु नेपाल आएको नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) केन्द्रको बरिष्ठ उपाध्यक्ष समेत रहेकी कार्यक्रम संयोजक जिस्वा श्रेष्ठले बताइन् ।

शुक्रबार काठमान्डौमा पर्यटन मन्त्री बद्रीप्रसाद पान्डेले उद्घाटन गरेको बिआईटीएमको समापन भने आइतबार भैरहवामा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गर्ने भएका छन् ।

बुद्धिस्ट पर्यटनलाई केन्द्रमा राखेर नेपालको प्रकृति, सस्कृति, पुरातात्विक र साहसिक पर्यटनको प्रवर्धन समेत गर्नेगरी आयोजित बिआईटिएममा विदेशी पर्यटन व्यवसायीको उत्साबर्द्धक सहभागिताले नेपाली पर्यटन व्यवसायीलाई खुसी दिएको नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) लुम्बिनीका पूर्व अध्यक्ष तथा बिआईटिएमका सदस्य सागर अधिकारीले बताए ।

भैरहवामा होटल, एअरलायन्स, केबलकार, ट्राभल्सहरुगरी ४० वटाले बिटूबीकोलागि बुकिङ गरिसकेका छन् । आइतबार विदेशी पर्यटन व्यवसायी र विदेशी पत्रकारहरुको टोलीलाई बुद्ध सर्किटको फार्म ट्रिप गराउने र दिउँसोदेखि बिटूबी गर्ने कार्यक्रम रहेको छ । यसैगरी आइतबार नै औपचारिक कार्यक्रम आयोजना गरिएको र उक्त कार्यक्रममा नेपालको पर्यटन प्रवर्धन गर्नेगरी नेपाली मिडीयाका प्रतिनिधिहरु र विदेशी मिडियाका प्रतिनिधिहरु सहभागी भई छलफल गर्ने कार्यक्रम तय भएको नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) लुम्बिनीका अध्यक्ष चन्द्रबहादुर थापामगरले बताए ।

बिआईटिएमको सन्दर्भ पारेर बिबिसी, सिन्हा, अलजजिरा, सिसिटिभी, एपी, नेशनल जिओग्राफी, एपी, एएफपी, रिउटर, सार्क, एनएचके, युरोपियन, युरोपियन च्यानल, बुद्धिस्ट म्याग्जीनलगायत विदेश स्थित मिडीयाका प्रतिनिधीहरु पनि लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्धनकोलागि आएका छन् ।

विश्वमा रहेका बुद्धिस्ट धर्म अनुयायीलाई लुम्बिनी र नेपाल आउन प्रेरित गर्नेगरी विदेशी ट्राभल्स व्यवसायीको सहभागितामा आयोजित बुद्धिस्ट इन्टरनेशनल ट्राभल्स मार्टले नेपालको आर्थिक चलायमानमा पनि विशेष योगदान दिने नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) सह कोषाध्यक्ष ढकनाथ काफ्लेले बताए ।

नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) को आयोजनामा भईरहेको बिआईटिएमको यो तेस्रो संस्करण हो । पहिलो संस्करण २०१९ मा र दोस्रो संस्करण २०२३ मा भएको थियो ।

बिआईटिएमको कारण भारतको आइटिओ भन्ने संस्थासँग एमओई भईसकेको नेपाल एशोसियसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) का केन्द्रीय अध्यक्ष कुमारमणी थपलियाले बताए । यसैगरी लुम्बिनीमा म्यानमार र चाईनाको एक पर्यटन सम्बद्ध संस्थासँग पनि सम्झौता हुने भएको छ ।

# गाउँमै विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य शिविर



बलेवा । यहाँको बरेङगाउँपालिका-३ बाटाकाचौरकी ८२ वर्षीया भागीरथी लुहारले बिहीबार गाउँमै विशेषज्ञ चिकित्सक भेटिन । पेट दुख्ने समस्या लिएर स्वास्थ्य चौकी पुगेकी उनलाई चिकित्सकले आवश्यक जाँचपछि औषधि दिए ।

परिवारको सहारामा स्वास्थ्य चौकी पुगेकी लुहार खुशी भएर घर फर्किइन् ।

सोही ठाउँकै ७० वर्षीया विष्णु थापा पनि बिहीबार बिहानैदेखि बाटाकाचौर स्वास्थ्य चौकीको प्राङ्गणमा लाममा बसेर कन्सल्टेन्ट फिजिसियन डा. सन्दिप सापकोटासँग स्वास्थ्य जाँच गराइन् ।

डाक्टरले औषधि लेखिदिएपछि औषधि वितरण कक्षबाट औषधि लिएर खुसी हुँदै घर फर्किइन्, उनी ।

स्वास्थ्य चौकीमा आयोजित स्वास्थ्य शिविरमा चिकित्सकहरु हेमन्त बाँस्तोला, सन्दिप सापकोटा, सन्दिप केसी, आशिष सापकोटालगायतले बिरामीको जाँच गरेका थिए । सन्तोष सुवेदीको नेतृत्वमा औषधि वितरण र आशिष शाक्यको नेतृत्वमा प्रयोगशाला सेवा सञ्चालन गरिएको थियो । शिविरमा बिरामीको भीड थियो ।

धौलागिरि प्रादेशिक अस्पताल बागलुङ र प्रादेशिक अस्पताल पर्वतका चिकित्सकहरुको विशेष उपस्थितिमा स्वास्थ्य चौकीमा विशेषज्ञ सेवा उपलब्ध शिविर बरेङ गाउँपालिकाले सञ्चालन गरेको हो ।

गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको समन्वय, दुवै अस्पतालको प्राविधिक सहयोग र गाउँपालिका तथा वडा कार्यालयको आयोजनामा सम्पन्न शिविरबाट चार सय बढी बिरामीले सेवा लिएका छन् ।

शिविरमा आउने अधिकांश बिरामी सुगर, प्रेसरलगायत समस्या लिएर आएको डा.हेमन्त बाँस्तोलाले बताए । शिविरमा हाडजोर्नी तथा नशा, सामान्य चिकित्सा, बाल रोग, महिला तथा प्रसूति रोग, भिडियो एक्सरे, प्रयोगशाला र निःशुल्क औषधि वितरण गरिएको थियो ।

शिविरमा सहभागी अधिकांश ज्येष्ठ नागरिक, महिला तथा बालबालिका थिए ।

उनीहरुले गाउँमै प्रयोगशाला, भिडियो एक्सरेसहितको विषेशज्ञ सेवा लिए । गाउँबस्तीका सर्वसाधारणको स्वास्थ्यसम्बन्धी समस्या पहिचान गर्ने, सर्ने तथा नसर्ने रोगको पहिचान र निदान गाउँमै गर्ने उद्देश्यले शिविर आयोजना गरिएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले जानकारी दिए । केही समयअघि वडामा सञ्चालित शिविरमा विशेषज्ञ सेवा माग भएपछि शिविर आयोजना गरिएको वडाध्यक्ष शेरबहादुर खनालले बताए ।

स्वास्थ्य शिविर उद्घाटन गर्दै गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले सरकार नागरिकको स्वास्थ्यप्रति जिम्मेवार रहेको बताए ।

उनले नागरिकको नजिक विषेशज्ञ सेवा पुऱ्याउने प्रदेश सरकारले काम गरिरहेको उल्लेख गरे ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**स्याउ खेती**

मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचे गाउँ नजिकै रहेको बगरमा स्थानीयले लगाएको स्याउ खेती। कुनैबेला खेतीयोग्य जमिन वर्षौं अघि आएको बाढीले कटान गरेपछि स्थानीय कृषकले फेरि स्याउ खेती गरेका हुन्। तस्विर : सुशीलबाबू थकाली/रासस

# आम्दानीको स्रोत बन्दै काफल



पाल्पा। यहाँको माथागढी गाउँपालिकाको रत्न माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत सविता नेपालीले काफल बिक्रीबाट प्राप्त रकमले किताब, कापी र पोसाक किन्ने गरेकी छिन्। गरिबीका कारण पढाइ खर्च जुटाउन र अन्नको जोहो गर्न काफल बिक्री गर्दै आएको उनी बताउँछिन्।

"स्कूलबाट घर पुग्दा आमा बुवाले काफल टिपेर राखिदिनुहुन्छ, अर्को दिन त्यही काफल बोकेर बिक्री गर्न नजिकैको पसलमा लैजान्छु, कहिले सडकमा गएर बस्छु, गाडीका यात्रुले किनेर लैजानुहुन्छ।"-उनले भनिन्। चैतको पहिलो हप्तादेखि बैशाख अन्तिमसम्म बिहान बेलुका काफल टिपेर बेच्दै आएको उनले बताइन्। दैनिक चार सयसम्मको काफल बेच्ने गरेको उनको भनाइ छ।

अर्का छात्र मनिष सारुले पनि घरको आर्थिक अवस्था कमजोर भएकाले पढाइ खर्च जुटाउन काफल बेच्दै आएका छन्। "सँगैका साथीहरू काफल बेच्न हिँडेका छन्, राम्रै पैसा घर लान्छन्", उनले भने-"सिजनको फल भएकाले सबैको आम्दानीको स्रोत बनेको छ, काफल।" उनीहरु जस्ता धेरै बालबालिकाको पढाइ काफलसँग जोडिएको छ। सिजनको समयमा बिहान-बेलुका धेरै बालबालिका देवगिर, दकमडा, तानसेनका सडकहरुमा काफल बेच्दै गरेका भेटिन्छन्।

जिल्लाको माथागढी, रिब्दीकोट र रैनादेवी छहरा गाउँपालिकाका ६० बढी बालबालिका काफल बेच्ने गर्छन्। कालिका मावि मुझुङमा पढ्ने सुदिप सोमरे र प्रदीप कनौजेले काफल बेचेरै कापी कलम जोहो गर्छन्। बुटवल, भैरहवा र काठमाडौँ जाने यात्रुले मौसमी फलका रूपमा काफल किन्छन्। बालबालिकाहरुले मात्रै होइन अभिभावकले समेत काफल बिक्री गरेर अन्नको जोहो गर्छन्।

माथागढी गाउँपालिकाको शिकारकोटकी ६५ वर्षीया वसन्ती दर्लामीले यस पटक एक महिनामा काफल बिक्री गरेर वर्ष दिनलाई पुग्ने अन्न जोहो गरिन्। "यो सिजनमा बिक्री गरेको काफलबाट आएको पैसाले एक वर्षलाई पुग्ने नुन, तेल, चिनी र दाल किनिसकेकी छु।"-दर्लामीले भनिन्। गाउँ बस्तीलाई सडक सञ्जालले जोडेपछि शिकारकोटको मात्र नभई देवगिरका एक सय बढी परिवारका लागि आम्दानीको स्रोत बनेको छ, काफल।

चैतको पहिलो सातादेखि बैशाखको तेस्रो सातासम्म यहाँका अधिकांश सर्वसाधारण काफल टिप्न व्यस्त हुन्छन्। स्थानीयले व्यापारीलाई प्रति माना ८० का दरले बिक्री गर्छन्। माथिल्लो शिकारकोटका २० भन्दा बढी घर परिवारले पहिलो दिन काफल टिपी अर्को दिन बिहानै मिर्मिरेमा डोकोमा बोकी हुलै भएर खहरे, सराइ, दमकडा बजारका बस्ती-बस्तीमा पुगी मौसमअनुसार एक सयदेखि दुई सयसम्ममा प्रति माना बिक्री गर्ने गरेको स्थानीय बुधमाया घर्ती बताउँछन्। "पहिला-पहिला काफल बेच्न अहिले जस्तो सजिलो थिएन। काफल र अन्न, गहुँ, मकै, चामलसित बराबरी साट्नका लागि पोखराथोक, चिदीपानी, नायर नमतलेस, मदनपोखरा जस्ता बस्तीमा पुग्नुपर्थ्यो", उनले भनिन्- अहिले आफ्नै टोल, घरबाट गाडीमा बसेर तानसेन-बुटवल जस्ता शहरमा लैजाँदा दैनिक चारदेखि छ हजारसम्म कमाइ हुन्छ।" देवगिरकी स्थानीय गीता बरालले गत वर्ष काफल बिक्रीबाट ४० हजार कमाइन्। यस वर्ष कम फलेका कारण २०/२२ हजार मात्रै आम्दानी हुने उनको अनुमान छ।

यहाँका काफल तानसेन, बुटवलका बजारसम्म बिक्रीका लागि लगिने गरिन्छ। देवगिरका स्थानीय व्यापारी बालकृष्ण न्यौपानेका अनुसार गतवर्ष मात्रै काफल बिक्रीबाटै गाउँमा रु २५ लाख भित्रिएको थियो।

# अध्यक्षले बोलाउनै छाडे कार्यपालिका बैठक




**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

स्याङ्जाको फेदिखोला गाउँपालिकाका अध्यक्षले कार्यपालिका बैठक बोलाउन छाडेपछि वडाध्यक्षहरुले ज्ञापनपत्र बुझाएका छन्। झण्डै ३ महिनादेखि फेदिखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले कार्यपालिका बैठक नडाकेपछि वडाध्यक्षहरुले विभिन्न माग राखेर ज्ञापनपत्र बुझाएका हुन्। फेदिखोला गाउँपालिका १ का वडाध्यक्ष अमृत क्षेत्रीको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृतलाई कार्यपालिका बैठक छिट्टै बोलाउन भन्दै विभिन्न माग राखेर ज्ञापनपत्र बुझाएका छन्।

गाउँपालिकाका अध्यक्षले ज्ञापनपत्र बुझ्न समय नदिएपछि प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेललाई ज्ञापनपत्र बुझाएको वडाध्यक्ष क्षेत्रीले जानकारी दिए। वडाध्यक्षहरुले बुझाएको ज्ञापनपत्रमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाको बैठक प्रत्येक महिनाको एकपटक बस्नुपर्ने व्यवस्था भए पनि झण्डै ३ महिनादेखी बैठक नहुँदा वडास्तरीय योजनाहरु सञ्चालनमा कठिनाई हुने गरेको जनाएका छन्।

अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ४ को दफा १९ बमोजिम बर्षको २ पटक गाउँसभा बस्नुपर्नेमा हिँउदे गाउँसभा नै आह्वान नगरेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीयले कार्यपालिका बैठक नै नबोलाई सिंगो गाउँपालिकालाई बन्धक बनाउने रणनीतिमा लागेको आरोप वडाध्यक्ष क्षेत्रीले लगाएका छन्। यस विषयमा गाउँपालिका अध्यक्ष सुवेदीलाई फोन सम्पर्क गर्न खोज्दा सम्पर्कमा आउन चाहेनन् भने प्रमुख प्रशासकीय अधिकृत पौडेलले फोन नउठाएर आफू बिरामी भएको खबर म्यासेज मार्फत पठाएका छन्।

वडाध्यक्षहरुले उठाएका मागहरुमा पालिका अध्यक्षले बेवास्था गरेमा अन्य थप आन्दोलनका कार्यक्रम अगाडि बढाउने चेतावनी समेत दिएका छन्।

गाउँपालिकाको कार्यपालिका अध्यक्षको पक्षमा नदेखिएपछि सुवेदीले ३ महिनादेखि बैठक नै डाकेका छैनन्। कार्यपालिकाको बैठकबाट गर्नुपर्ने महत्वपूर्ण निर्णयलाई समेत अध्यक्ष सुवेदीले बेवास्था गरेपछि वडाध्यक्षहरु यस विषयमा अगाडि बढेको बताइएको छ। बजेट बनाउने बेला र आर्थिक वर्ष २०८१/०८२ को योजनाहरु फरफारक गर्नुपर्ने बेलामा कार्यपालिका बैठकलाई बन्धक बनाउनुले पालिकामा भ्रष्टाचारको आशंका वडाध्यक्षहरुले गर्न थालेका छन्।

**सूचना ! सूचना !! सूचना !!!**

धर्मनगर स्थित पशुपति रिन्युएबल लिमिटेडद्वारा प्रवर्द्धित धर्मनगर सोलार फार्मबाट उत्पादित १५ मेगावाट विद्युत् मझगाउँ, कुदरबेटवा र बुडिहवा टोल हुँदै ३३KV लाईन मार्फत नेपाल विद्युत् प्राधिकरणको चन्द्रौटा स्थित सबस्टेशनमा जोडिने प्रक्रिया भइरहेको छ। यस क्रममा सम्बन्धित क्षेत्रमा रहेका पोल, तार तथा स्टेहरू नछुनुहोस् र तिनको नजिक नजानुहोस्। जन सुरक्षाका लागि सतर्क रहन अनुरोध गरिन्छ।

मितिः २०८२/०२/१०

अनुरोधकः
धर्मनगर स्थित पशुपति रिन्युएबल लिमिटेड
शिवराज नगरपालिका-६, कपिलवस्तु

सम्पर्क
सुवास वाग्ले (९८१६४१६८४१)
मोहम्द मियाँ (९८०३६८१२६२)

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रदेशस्तरीय यु-१६ क्रिकेटः

# पाल्पामाथि कपिलवस्तुको जित




भैरहवा। रौनक श्रीवास्तवको शतकीय पारी र मलिक गद्दीको उत्कृष्ट बलिङको मद्दतमा भैरहवामा जारी लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा कपिलवस्तुले पाल्पामाथि सहज जित हात पारेको छ। उसले पाल्पालाई १ सय ९१ रनले पारजित गर्दै जित निकालेको हो।

शनिबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको कपिलवस्तुले निर्धारित ३५ ओभरमा ३४ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर २ सय ३६ रनको बलियो योगफल बनाएको थियो। उसका लागि रौनक श्रीवास्तवले ८८ बलको सामाना गर्दै १६ चौका र १ छक्काको मद्दतमा १ सय १० रनको शतकीय इनिङ खेले। यस्तै, मुन्ताज अलीले ४२ र सुरज यादवले २० रनको योगदान गरे। बलिङमा पाल्पाका विष्णु न्यौपानेले ४, उपसन पाण्डेले ३ तथा हिमाल कंडेलले २ विकेट लिए।

प्रतिउत्तरमा पाल्पा १० ओभरमा सबै विकेट गुमाएर जम्मा ४५ रनमै समेटियो। उसका लागि कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन्। उपसन विक्रम जिसीले सर्वाधिक ८ रन बनाउँदा ५ खेलाडी शून्य रनमै पेभेलियन फर्किए। बलिङमा कपिलवस्तुका मलिक गद्दीले ४ ओभरमा १४ रन खर्चेर ५ विकेट हात पारे। यस्तै, सुरज यादवले ३ तथा कमरान अहमद र रौनक श्रीवास्तवले समान १-१ विकेट लिए। खेलमा कपिलवस्तुका रौनम श्रीवास्तव प्लेयर अफ द म्याच घोषित भएको प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले बताए।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा राष्ट्रिय यु-१६ क्रिकेटका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितालाई भैरहवाका व्यवसायी रामकिसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका छन्। प्रतियोगितामा रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम सहभागी छन्। जेठ १६ गतेसम्म चल्ने प्रतियोगिता सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानामा संचालन भइरहेको छ।

# नवीनमा शिक्षक क्षमता विकास तालिम



बुटवल। नवीन औद्योगिक कदरबहदुर रीता माध्यमिक विद्यालय देवीनगरमा विज्ञान विषय प्रवर्धनअन्तरगत शिक्षक क्षमता विकास तालिम शनिबार सम्पन्न भएको छ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले नेपालमा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले ५ वर्षको लागि विद्यालय विकास योजना निर्माण गरी प्रयोगशाला सामग्री खरिद र व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, शिक्षक क्षमता विकास तालिमलगायतका कार्यक्रमको लागि साठी लाख बजेट विनियोजन गरेको छ।

यसैक्रममा विद्यालयले एक दिवसीय तालिम कार्यक्रम सञ्चालन गरेको हो। तालिम कार्यक्रममा बुटवल उप-महानगरपालिका शिक्षा शाखा प्रमुख टिकाराम पन्थी, विषय विज्ञको तर्फबाट भौतिक शास्त्र विषय विज्ञ प्राध्यापक डाक्टर रमेश नारायण त्रिपाठी, र सहभागीको तर्फबाट सामाजिक विषयका कृष्णप्रसाद ज्ञवालीलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा भौतिक विषयका प्रशिक्षक प्रा.डा. रमेश नारायण त्रिपाठी, शिक्षा तथा सामाजिक विषयका प्रशिक्षक डा. प्रकाश पौडेल, जीव विज्ञान विषयका प्रशिक्षक डा. मुक्तिराम पौडेल, गणित विषयका डा. रबिन्द्र गुप्ता, रसायन शास्त्रका उपप्राध्यापक माधव गौतम, अंग्रेजी विषयका किशोर कुमार खनाल र मन्टेश्वरीका यशु पाण्डेयले सहजीकरण गरेका थिए।

विद्यालयका प्रधानाध्यपाक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा विज्ञान समूह इञ्चार्ज लक्ष्मीनारायण चौधरीको सञ्चालनमा सम्पन्न तालिम कार्यक्रममा विद्यालयका १७५ जना शिक्षक तथा प्रशिक्षकहरुको सहभागिता रहेको थियो।

विद्यालयमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन इकाई भक्तपुरबाट तीन तले १२ कोठे भवन निर्माण गर्न साढे चार करोडको टेण्डर भएको छ। विद्यालयमा मन्टेश्वरी देखि कक्षा १० सम्म पूर्ण अंग्रेजी माध्यममा, कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन, सिभिल इञ्जिनियरिङ, कानुन र शिक्षा समूह अध्यापन हुने गर्दा नेपालमा प्रत्येक प्रदेशबाट ६ वटाका दरले उत्कृष्ट छनौट भएका सात प्रदेशका ४२ वटा विद्यालयहरुबिच १६ वटा सूचकका आधारमा भएको प्रतिष्पर्धामा विद्यालय नेपालमा द्वितीय भएको छ भने नेपाली सेना तारादल गणबाट सिनियर डिभिजनमा एनसीसीमा छनौट भएको छ। अखिल नेपाल फुटबल संघबाट छनौट भएका २५ र बुटवल उप-महानगरपालिकाबाट छनौट भएका ५ जना गरी ३० जना फुटबलका खेलाडी विद्यार्थीहरु विद्यालयमा अध्ययनरत छन्।

विद्यार्थी संख्यामा सामुदायिकतर्फ पाँचौ ठूलो यस विद्यालयमा हाल करीव पाँच हजार विद्यार्थीहरु अध्ययनरत रहेका छन्।

**मानव बेचबिखन जन्य कार्यहरु**

-मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने।
-मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने।
-कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने।
-प्रचलित कानून विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गरौं।
-बेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारबाही हुन्छ।
यस्तो कार्य भए, गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com